**गौरादह नगरपालिकाको १२ औ नगर सभामा नगर उपप्रमुखले प्रस्तुत गर्नु भएको बजेट तथा कार्यक्रम**

**सभा अध्यक्ष महोदय,**

संघिय लोकतान्त्रीक गणतन्त्र स्थापना भएपछि स्थानीय तहको दोस्रो निर्वाचनवाट गौरादह नगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरु यस नगरपालिकाको १२औ नगरसभामा उपस्थित भएका छौ।सर्वप्रथम म गौरादह नगरपालिकाको तर्फवाट सम्पूर्ण उपस्थित नगरसभा ज्यूहरुलाई स्वागत तथा सम्मान अविवादन गर्न चाहान्छु र संघीय लोकतान्त्रीक गणतन्त्रात्मक संविधान जारी भएपछिको दोस्रो पटकको स्थानिय तहको निर्वाचनमा हामीहरुलाई विश्वास गरी यहाँ सम्म पुर्याउनुहुने गौरादहवासी दाजुभाई दिदी बहिनी र आमा बुवा प्रति सम्मान प्रकट गर्दछु ।

**सभाका अध्यक्ष महोदय**

गौरादह नगरपालिकाको यसै नगर सभा बाट पारित गौरादह नगरपालिकाको आ.व ०८०/०८१ को निति तथा कार्यक्रमलाई दृष्टिगत गरि सोहि आधार र गौरादह नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितीले तोकिएको सिलिङ्गको आधारमा आ.व ०८०/०८१ को आय तथा व्ययको अनुमान प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएकी छु। सिमित श्रोत र साधन तथा घट्दो केन्द्रीय र प्रदेश सरकारको अनुदान का बाबजुद गौरादह नगरको समग्र विकास निर्माणलाई संवोधन गर्ने गरी आ.व. ०८०\८१ को बजेट बनाउने प्रयत्न गरिएको छ। वजेट तयार गर्दा नगरपालिकाको आन्तरिक श्रोतलाई बढी भन्दा बढी परिचालन गरी नेपाल सरकारवाट प्राप्तहुने अनुदान रकमलाई आम्दानीको मुख्य श्रोत मानिएको छ।

अव म गौरादह नगरपालिकाको १२ औ नगरसभाको आ.व ०८०\८१ को बजेटको (आय-व्यय) तर्फको विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु।

**आय तर्फ**

| आ.व. २०८०\०८१ का लागि आय तर्फको अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | बजेटको स्रोत | प्राप्तिको स्रोत | आ.व. २०८०/०८१ को प्रस्तावित आय | कैफियत |
| १ | नगरपालिका | आन्तरिक आय | ४०००००० |  |
| २ | संघीय सरकार | वित्तिय समानिकरण | १५२१००००० |  |
| ३ | संघीय सरकार | अन्य संस्थागत आन्तरिक | ० |  |
| ४ | संघीय सरकार | सर्शत अनुदान | ३२७१०००००. |  |
| ५ | संघीय सरकार | राजश्व बाँडफाँड | १२२७४२००० |  |
| ६ | संघीय सरकार | विशेष अनुदान | १५०००००० |  |
| ७ | संघीय सरकार | समपुरक अनुदान | १५०००००० |  |
| ८ | संघीय सरकार | वन रोयल्टी | ० |  |
| ९ | प्रदेश सरकार | वित्तिय समानिकरण | ९७९६००० |  |
| १० | प्रदेश सरकार | सवारी साधन कर बाँडफाँड | ७२०४००० |  |
| ११ | प्रदेश सरकार | सशर्त अनुदान | २३४२५००० |  |

| | | | | |
|---|---|---|---|---|
| १२ | प्रदेश सरकार | विशेष अनुदान | ० | |
| १३ | प्रदेश सरकार | समपुरक अनुदान | १३०००००० | |
| १४ | अन्य | रजिष्टेशन बाँडफाँड | ४०००००००० | |
| १५ | सडक बोर्ड नेपाल | सडक मर्मत सम्भार | ३९०००००० | |
| १६ | गत सालको सञ्चित कोषमा बचत हुन जाने रकम | | ३००००००० | |
| **कुल जम्मा** | | | ७९९२६७००० | |

कुल आय तर्फ रु ७९ करोड ९२लाख ६७ हजार  मात्र अनुमान गरिएकोछ ।

## व्यय तर्फ

| आ.व. २०७९\०८० का लागि व्यय तर्फको अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | बजेटको स्रोत | प्राप्तिको स्रोत | आ.व. २०८०/०८१ को प्रस्तावित व्यय | कैफियत |
| १ | नगरपालिका | आन्तरिक आय | ४००००००० | |
| २ | संघीय सरकार | वित्तिय समानिकरण | १५२१००००० | |
| ३ | संघीय सरकार | अन्य संस्थागत आन्तरिक | ० | |
| ४ | संघीय सरकार | सर्शत अनुदान | ३२७१००००० | |
| ५ | संघीय सरकार | राजश्व बाँडफाँड | १२२७४२००० | |
| ६ | संघीय सरकार | विशेष अनुदान | १५०००००० | |
| ७ | संघीय सरकार | समपुरक अनुदान | १५०००००० | |
| ८ | संघीय सरकार | वन रोयल्टी | ० | |
| ९ | प्रदेश सरकार | वित्तिय समानिकरण | ९७९६००० | |
| १० | प्रदेश सरकार | सवारी साधन कर बाँडफाँड | ७२०४००० | |
| ११ | प्रदेश सरकार | सशर्त अनुदान | २३४२५००० | |
| १२ | प्रदेश सरकार | विशेष अनुदान | ० | |
| १३ | प्रदेश सरकार | समपुरक अनुदान | १३०००००० | |
| १४ | अन्य | रजिष्टेशन बाँडफाँड | ४००००००० | |
| १५ | सडक बोर्ड नेपाल | सडक मर्मत सम्भार | ३९०००००० | |
| १६ | गत सालका क्रमागत योजनाहरुको खर्च | | ३००००००० | |
| **कुल जम्मा** | | | **७९९२६७०००** | |

कुल व्यय तर्फ रु ७९ करोड ९२लाख ६७ हजार  मात्र अनुमान गरिएकोछ ।

माथि उल्लेखित कूल बजेट रु. ७९ करोड ९२ लाख ६७ हजार मध्ये चालु खर्च रु. ४८ करोड १३ लाख ८३ हजार १ सय ८७ रूपैया कूल बजेटको (६०.२३प्रतिशत) र पूँजिगत तर्फ ३१करोड ७८ लाख ८३ हजार ८ सय १३ रुपैया (३९.७७ प्रतिशत) रहेको छ।

चालु खर्च मध्ये वडा कार्यालय र मुख्य प्रशासनिक कार्यालयको समेत कूल कार्यालय संचालन खर्च रु. ११ करोड ३७ लाख ३८ हजार र कार्यक्रम खर्च रू. ३६ करोड ७६ लाख ४५ हजार १ सय ८७ रुपैया रहेकोछ। प्रशासनिक खर्च कूल बजेटको १४.२३ प्रतिशत र कुल चालु खर्चको २३.६ प्रतिशत रहेकोछ भने कार्यक्रम खर्च कुल बजेटको ४५.७७ प्रतिशत र चालु खर्चको ७६.३२ प्रतिशत रहेकोछ।

कार्यालय संचालन बाहेक विनियोजन भएका मुख्य क्षेत्र र रकम यस प्रकार रहेकोछ।

| विनियोजन भएका मुख्य मुख्य विषय र क्षेत्रहरु | सर्शत | निशर्त | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार तर्फ | ६५८५०००० | १८९५०८५५३ | २५५३५८५५३ | ३७.२५ |
| सामाजिक बिकास | | | | |
| शिक्षा | २४५१००००० | १३०००००० | २५८१००००० | ३७.६५ |
| स्वास्थ्य | ६०९००००० | १८१००००० | ७९०००००० | ११.५२ |
| महिला वालवालिका, जेष्ठ नागरिक, आदिवासी, अपङ्ग, लक्षित वर्ग आदी तथा अन्य | १४५२५००० | १५१९३२६६ | २९७१८२६६ | ४.३४ |
| आर्थिक (कृषि, पशु तथा सहकारी) | १२६५०००० | २९०५८८५१ | ४१७०८८५१ | ६.०८ |
| वन वातावरण, विपद व्यवस्थापन | | १०४९०७२९ | १०४९०७२९ | १.५३ |
| सूशासन, सामाजिक सेवा प्रवाह | | १११५२६०१ | १११५२६०१ | १.६३ |
| जम्मा | ३९३५२५००० | २९२००४००० | ६८५५२९००० | १०० |

टोल वस्ति वाटै प्राथमिकिकरण हुदै आएका योजना तथा कार्यक्रमहरु वडा स्तरको प्राथमिकीकरण गरि बिषयगत समितीमा प्राथमिकीकरण गर्दै योजना तर्जुमा समिती मा आएका योजना तथा कार्यक्रम हरु लाई कार्यालयमा प्राप्त भएका र हुन सक्ने स्रोत र साधन लाई ध्यानमा राखी विनियोजन गरिऐकोछ।स्रोत साधनको अभाव र बजेट को सुनिश्चितता गर्न नसकीएका योजना तथा कार्यक्रमलाई बजेटको सुनिश्चितता गरि कार्यन्वयन गर्ने गरि योजना बैंकमा राखी क्रमश सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरु सँग समन्वय गरी संचालन गर्न गराउन व्यवस्था मिलाउने प्रस्ताव समेत यस सभामा पेश गरेको छु ।

**सभाका अध्यक्ष महोदय**

अन्तमा माथि उल्लेखित प्रस्ताव सहित गौरादह नगरपालिकाको आ.व. ०८०\०८१ को लागि आम्दानी उठाउँने संकलन गर्न अख्तियारदिने आर्थिक विधेयक,२०८० र वस्तु तथा सेवा संचालन गर्न खर्च गर्ने अख्तियारी दिने विनियोजन विधेयक २०८० समेत टेबुल गर्दछु।

मिति २०८०\०३\१० जलवर्षा राजवंशी

स्थानः- गौरादह नगरपालिकाको कार्यालयको सभाकक्ष, गौरादह- झापा नगर उपप्रमुख

धन्यवाद!!!!